नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

सूची दर्ता सम्बन्धी सूचना !

प्रकाशित मितिः २०८३।०७।१७

यस प्रतिष्ठानका लागि आ.व. २०८३/८४ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान तथा सेवाहरू आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृति प्राप्त गरेको अनुभवी इच्छुक व्यक्ति/फर्म/कम्पनीहरूलाई आफूले आपूर्ति गर्ने सामान तथा प्रदान गर्ने सेवाको विवरण तथा सूची दर्ता गर्न आवश्यक फर्म नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता प्रमाणपत्र/भ्याट समेतको प्रतिलिपी संलग्न गरी सूची दर्ताको निवेदन सहित यी सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस प्रतिष्ठानको कार्यालयमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मालसामान आपूर्तितर्फ १. स्टेशनरी सामानहरू २. कम्प्युटर तथा विद्युतीय उपकरणहरू ३. छपाइ तथा मसलन्द ४. फर्निचर तथा फिक्सचर्स ५. पिउने पानी (जार) ६. पत्रपत्रिकाहरू ७. सर्भर खरिद।

मर्मततर्फः १. मेसिनरी औजार, इलेक्ट्रोनिक सामानहरू सप्लाई तथा विद्युत र A/C मर्मत सम्बन्धी कार्यहरू २. कम्प्युटर, प्रिन्टर, फोटोकपी तथा अन्य विधुतीय उपकरणहरू ३. फर्निचर मर्मत ४. कार, जीप, मोटरसाइकल, स्कुटर मर्मत।

सेवा र परामर्शतर्फः- १. आदिवासी जनजाति विश्व ज्ञानकोष (Encyclopedia) निर्माण, २. सफ्टवेयर निर्माण, ३. प्रतिष्ठानको वेभसाइट सञ्चालन, वेभपेज निर्माण र सामाजिक सञ्जाल सञ्चालन परामर्शदाता, ४. Digital Media and AI तालिम प्रदायक।

थप जानकारीका लगि : फोन नं. 01-5183252 website: www.nfdin.gov.np